श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४६ सालको ऐन नं. ६

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### कारागार ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः कारागार ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "कारागार (पहिलो संशोधन) ऐन, २०४६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. कारागार ऐन, २०१९ को दफा ७ मा संशोधनः कारागार ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ :–

"७. नेल हतकडी नलगाइनेः कैदबाट भागी पक्राउ परेको वा कैदबाट भाग्ने उद्योग गर्ने वा दफा २२ को उपदफा (२) बमोजिमको कुनै काम कुरा गर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४८५

कैदी बाहेक अन्य थुनुवा वा कैदीलाई कारागारभित्र नेल वा हतकडी लगाइने छैन ।"

३. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) कुनै थुनुवा वा कैदीको निजले लालन पालन गर्नु पर्ने नाबालक रहेछ र त्यस्तो नाबालकको लालन पालन गर्ने अरू कोही रहेनछ भने निज थुना वा कैदमा रहुन्जेल त्यस्तो नाबालकको सम्पूर्ण हेर विचार, शिक्षा दीक्षा र लालन पालन तोकिए बमोजिम श्री ५ को सरकारको खर्चमा गरिनेछ ।"

४. मूल ऐनको दफा ९ मा संशोधनः मूल ऐनको दफा ९ को प्रतिबन्धात्मक वाक्यांश (ख) को सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश (ख) राखिएको छः–

"(ख) कुनै थुनुवा वा कैदीले आफ्नो सिधा र लुगाको व्यवस्था आफ्नै खर्चमा गर्न चाहेमा तोकिएबमोजिम निजलाई त्यस्तो व्यवस्था गर्न दिइनेछ ।"

५. मूल ऐनको दफा ११ मा संशोधनः मूल ऐनको दफा ११ को,–

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः–

"(३) विरामी परी सिकिस्त भएको कुनै थुनुवा वा कैदी बाँच्ने नबाँच्ने दोसाँधमा रहेको कुराको कारण सहितको राय सरकारी चिकित्सकले दिएमा त्यस्तो थुनुवा वा कैदीको हकवालाले निजलाई घाट लैजान चाहेमा निजको रोग निको भएमा पुनः कारागारमा फिर्ता ल्याउने व्यहोराको हाजिर जमानी कागज गराई त्यसरी थुनिएको ठाउँको नजिकको घाटमा लैजान दिइनेछ । थुनुवा वा कैदी जिम्मा लिई घाट लैजाने हकवालाले सम्बन्धित थुनुवा वा कैदीको स्वास्थ्यसम्बन्धी प्रतिबेदन लेखी प्रत्येक हप्ता सम्बन्धित कारागारलाई दिनु पर्नेछ ।"

(२) उपदफा (५) मा रहेको "र नेल वा हतकडी काटिएकोमा सो समेत लगाइने छ" भन्ने वाक्यांश झिकिएको छ ।

६. मूल ऐनको दफा १८ मा संशोधनः मूल ऐनको दफा १८ को उपदफा (२) पछि देहायका उपदफा (३), (४) र (५) थपिएका छन्ः–

"(३) कुनै थुनुवा वा कैदीलाई छाड्नु पर्ने गरी फैसला वा आदेश भएकोमा त्यसको सूचना अविलम्ब सम्बन्धित कारागारलाई पठाई दिनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) अञ्चल न्यायाधीशले आफ्नो अञ्चलभित्रको कारागारको वर्षमा कम्तिमा एक पटक निरीक्षण गर्नुपर्नेछ । अञ्चल न्यायाधीशले निरीक्षण गर्दा कुनै व्यक्ति ठेकिएको कैद भन्दा बढी अवधि कैदमा रहेको वा प्रचलित कानूनले थुन्न पाउने भन्दा बढी अवधि थुनामा परेको देखेमा त्यस्तो कैदी वा थुनुवालाई तुरुन्त छाडी दिने आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएकोमा त्यसको पालना गर्नु सम्बन्धित जेलरको कर्तव्य हुनेछ । त्यसरी कारागारको निरीक्षण गर्ने अञ्चल न्यायाधीशले त्यससम्बन्धी सबै कुरा खुलाई सम्बन्धित क्षेत्रीय अदालत र सर्वोच्च अदालतसमक्ष यथाशीघ्र प्रतिवेदन पठाउनु पर्नेछ । कुनै थुनुवा वा कैदी कानूनको बर्खिलाप थुना वा कैदमा परेको देखी निजले यस उपदफाबमोजिम कुनै आदेश दिएकोमा र निरीक्षण गर्दा यस ऐनबमोजिम नभएको वा नगरेको अन्य कुनै कुरा देखेमा सो कुरासमेत खुलाई श्री ५ को सरकार, गृह मन्त्रालयमा प्रतिवदन पठाउनु पर्नेछ ।

(५) कुनै कर्मचारीको हेलचेक्र्याइँबाट कुनै थुनुवा वा कैदी प्रचलित कानूनबमोजिम भन्दा बढी समयसम्म थुना वा कैदमा रहेको देखिएमा वा यस ऐन बमोजिम नभएको वा नगरेको अन्य कुनै कुरा देखिएमा त्यस्तो कर्मचारी उपर विभागीय कारवाही भई सजाय हुनेछ ।"

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४६।६।११।४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।